महाशिला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः १० मितिः २०८०/०४/३२

## भाग-२

## महाशिला गाउँपालिका

# लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावना**

विशेषतः आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपले पछाडी परेका वा पारिएका विपन्न वर्गहरुको सरकारी सेवामा समान पहुँच र आकर्षण सुनिश्चित गरि समानता कायम गराउन तथा स्थानिय स्तरमै दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले महाशिला गाँउपालिकाको बार्षिक नीति तथा कार्यक्रम समेतको कार्यान्वयन गर्न बान्छनिय देखिएकोले महाशिला गाँउपालिकाले यो कार्यविधि बनाइ लागु गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि ,२०८० रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ भइ लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) अध्यक्ष भन्नाले महाशिला गाँउपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ख) सहभागी भन्नाले पालिका द्वारा प्रकाशित सूचना बमोजिम आवश्यक कागजात सहित लोक सेवा तथा शिक्षक सेवा आयोग अध्ययन गर्न निवेदन दिइ छनौट भएका व्याक्तिलाई सम्झनु पर्छ ।

(ग) लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८० सम्झनु पर्छ ।

(घ) सम्बन्धित कार्यालय भन्नाले महाशिला गाँउकार्यपालिकाको कार्यालय वा सो मातहतको शाखालाइ सम्झनु पर्छ ।

## परिच्छेद-२

## उद्देश्य

**३. यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ :**

(क) आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका वा पारिएका वर्गहरुको सरकारी सेवा प्रवेशमा पहुँच तथा आकर्षण कायम गर्न सहयोग पुऱ्याउनु ।

(ख) लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग अध्ययन गर्न प्रोत्साहित गर्नु ।

(ग) स्थानिय स्तरमा दक्ष जनशक्ति तयार गरि प्रशासनिक तथा शैक्षिक क्षेत्रमा टेवा पुर्याउनु ।

## परिच्छेद-३

लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन तथा व्यवस्थापन सहयोग समिति रहने छ

| | |
|---|---|
| (क) गाँउपालिका अध्यक्ष | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) शाखा प्रमुख, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | सदस्य सचिव |

४. लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार :

(क) लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा सम्बन्धी थप नीति निर्धारण गर्ने,

(ख) पालिका भित्रका लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी गर्न इच्छुक व्यक्तिहरुको लगत संकलन गर्ने,

(ग) कार्यविधि अनुसार लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन तथा व्यवस्थापनको लागि बैठक तथा अन्य आवश्यक प्रबन्ध गर्ने,

घ) सहभागीहरुलाइ तयारी कक्षाका लागि आवश्यक निर्णयार्थ कार्यपालिकामा विवरण पेश गर्ने,

(घ) समितिको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुने ।

## परिच्छेद ४

### लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा कार्यान्वयनका अन्य व्यबस्थाहरु :

(६) यस गाउँपालिकाको सेवा क्षेत्र भित्र बसोवास गरि लोक सेवा आयोग तथा शिक्षक सेवा आयोगले निर्धारण गरेको न्यूनतम योग्यता पुगेका इच्छुक सहभागिहरुको विवरण अध्ययन तथा अद्यावधिक गरि लाभान्वित व्यक्तिहरुको लगत तयार गर्ने ।

(७) तयारी कक्षामा समावेश हुनको लागि गाउँपालिका बाट अन्यन्त्र बसाइसराइ नलगेको हुनु पर्ने ।

(८) आर्थिक रुपले विपन्न,दलित वर्गलाइ विशेष प्राथमिकता दिइने ।

(९) सहयोग प्राप्तीको लागि कुनै पनि प्रशासनिक तथा शैक्षिक क्षेत्रको कुनै पनि तहमा स्थायी रुपमा कार्यरत रहेको व्यक्तिलाइ ग्राह्यता नदिइने ।

(१०) लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालनको आर्थिक प्रबन्ध तथा अन्य आवश्यक व्यवस्थापन कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-५

### बाधा अड्काउ फुकाउ सम्बन्धि व्यवस्था :

**(११) यस कार्यविधिमा उल्लेख नभएका कुराहरु कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।**

**प्रमाणिकरण मितिः २०८०।०३।११**

**आज्ञाले,**
**हरि प्रसाद पराजुली**
**प्रमुख प्रशासकीय अधिकृत**